# अष्ट्रेलियामा हालै आउनुभएको हो ?

तपाईं हालै अष्ट्रेलिया आउनुभएको हो भने यो ब्रुसरमा तपाईंलाई उपयोगी हुन सक्ने सूचना समावेश छ । सुरु सुरुका दिनहरू चुनौतिपूर्ण हुन सक्छन् । तपाईं नयाँ नयाँ भएकाले तपाईं Australian Government बाट केही रकम तथा सेवा प्राप्त गर्न सक्नु हुन्छ ।

## स्वास्थ्य सेवाहरू

अष्ट्रेलियामा Medicare नामक राष्ट्रिय स्वास्थ्य स्याहार प्रणाली क्रियाशिल छ । Medicare ले तपाईंलाई तपाईंले उपचार गर्दा वा औषधी किन्दा सहयोगी हुन सक्ने रकम तथा सेवाहरू प्रदान गर्छ । यो सुविधा अन्तर्गत तपाईंले चिकित्सकको परामर्श लिंदा लागेको केही रकम फिर्ता प्राप्त गर्न तथा Pharmaceutical Benefits Scheme वा Repatriation Pharmaceutical Benefits Scheme मार्फत सस्तोमा औषधी प्राप्त गर्न सक्नु हुन्छ । थप जानकारीको लागि **humanservices.gov.au/medicareservices** मा हेर्नुहोला ।

तपाईंले Medicare मा सहभागी भएको हुनु पर्छ तथा मापदण्ड पूरा गर्नु पर्छ । मापदण्डसम्बन्धी थप जानकारीको लागि **humanservices.gov.au/medicarecard** मा हेर्नुहोला ।

तपाईं निश्चित देशको हुनुहुन्छ भने तपाईं Reciprocal Health Care Agreements अन्तर्गत सहुलियतमा स्वास्थ्य सेवा प्राप्त गर्न सक्नु हुन्छ । अष्ट्रेलियाले केही देशसँग Reciprocal Health Care Agreements नामक सम्झौता गरेको छ । यी देशहरूको सूची हेर्न **humanservices.gov.au/rhca** मा जानुहोस् ।

तपाईं ती मध्ये कुनै एक देशको नागरिक हुनुहुन्छ र मापदण्ड पूरा गर्नु हुन्छ भने अष्ट्रेलियामा हुँदा तपाईं Medicare सेवाहरू प्राप्त गर्न सक्नु हुन्छ ।

## हामीले दिने भुक्तानीहरू

तपाईंले पाउने रकम तपाईंको भिसाको प्रकार र तपाईं अष्ट्रेलियाली नागरिक हुनुहुन्छ वा हुनुहुन्न भन्ने कुरामा भर पर्छ । यो रकम प्राप्त गर्न प्रतिक्षा गर्नु पर्ने वा अन्य सर्तहरू पूरा गर्नु पर्ने हुन सक्छ भन्ने कुरा बुझ्नु पर्छ ।

तपाईं अष्ट्रेलियामा नयाँ नयाँ आउनु भएको हो र तपाईंसँग स्थायी बसोबास पत्र, मानवीय सहायता, शरणार्थी, अस्थायी साझेदार वा अस्थायी सुरक्षासम्बन्धी भिसा छ भने तपाईं निश्चित भुक्तानी प्राप्त गर्न सक्नु हुन्छ ।

बसोबासको मापदण्डसम्बन्धी थप जानकारीको लागि **humanservices.gov.au/residencedescriptions** मा हेर्नुहोला।

## खोप तथा पारिवारिक सहायता

National Immunisation Program Schedule मा सूचीकृत गरिएका खोपहरू पारिवारिक सहायता भुक्तानीसँग सम्बन्धित छन् हामी तपाईंले जुनजुन बच्चाको लागि पारिवारिक भुक्तानी प्राप्त गरिरहनु भएको छ ती बच्चाले खोप लिएका छन् वा छैनन् भन्ने कुरा जाँच गर्ने छौं ।

तपाईंले निम्न सेवा प्राप्त गर्न तपाईंको बच्चाले अनिवार्य रूपले आवश्यक सबै खोप लिएको हुनुपर्छ:

- Family Tax Benefit Part A (पारिवारिक कर सुविधा भाग A)
- 2017–18 Family Tax Benefit Part A को पूरक
- Child Care Subsidy (बाल स्याहारसम्बन्धी सहुलियत)
- एक मुस्ट Child Care Benefit
- एक मुस्ट Child Care Rebate

तपाईंको बच्चाले विदेशमा खोप लिएको हो भने तपाईंले त्यो खोपको जानकारी Australian Immunisation Register (AIR) मा थप्न लगाउनु पर्छ । आफ्नो अभिलेखको अनुवादित प्रति आफ्नो अष्ट्रेलियाली खोप प्रदायकलाई देखाउनु होस् । यो प्रदायक चिकित्सा अभ्यास वा सामुदायिक स्वास्थ्य केन्द्र हुन सक्छ । उनीहरूले तपाईंको बच्चाले लिएको खोपको जानकारी लिनेछन्, कुनै खोप छुटेको छ भने तपाईंलाई त्यो खोप लगाउन भन्नेछन् र AIR मा तपाईंको बच्चाको जानकारी थप्नेछन् ।

आवश्यक खोपहरूको सूची National Immunisation Program मा राखिएको छ र त्यो सूची **immunise.health.gov.au** मा गएर हेर्न सकिन्छ ।

तपाईंले आफ्नो बच्चाले कहिले खोप लिएको हो भन्नु पर्दैन— हामी Australian Immunisation Register मा तपाईंको बच्चाले के कति खोप लिएका छन् भन्ने कुरा जाँच्ने छौं ।

थप जानकारीको लागि **humanservices.gov.au/air** मा हेर्नुहोला।

## प्रतिक्षा अवधि

नयाँ बासिन्दाहरूले रकम प्राप्त गर्नुअगाडि अनिवार्य रूपले केही समय कुर्नु पर्नेछ । यो नियमका केही अपवादहरू छन् । उदाहरणको लागि, तपाईं शरणार्थी भिसामा आउनु भएको हो भने ।

तपाईंको प्रतिक्षा अवधि तपाईंले स्थायी बसोबास भिसा प्राप्त गरेर यहाँ बसोबास गर्न थालेको दिनबाट सुरु हुन्छ । यो समयमा बसोबास गरेको दिन मात्र प्रतिक्षा अवधिमा गणना हुन्छ । थप जानकारीको लागि **humanservices.gov.au/newresidentswaiting** मा हेर्नुहोला।

Special Category भिसा लिएर अष्ट्रेलियामा बसोबास गर्ने न्यूजिल्याण्डका नागरिकहरू निम्न रकम दाबी गर्न सक्छन्:

- पारिवारिक भुक्तानी, र
- छुट कार्ड ।

अन्य प्रायजसो भुक्तानी प्राप्त गर्न तपाईसँग स्थायी आवास भिसा हुनुपर्छ । थप जानकारीको लागि **humanservices.gov.au** मा हेर्नुहोला।

### अन्तर्राष्ट्रिय सामाजिक सुरक्षा सम्झौताहरू

हामीले अन्य देशसँग सम्झौता गरेका छौं जसको कारण तपाईंले हामीबाट रकम प्राप्त गर्न सक्ने सम्भावना हुन्छ । यी सम्झौता तपाईंलाई अन्य देशबाट रकम प्राप्त गर्न सहयोग गर्न सक्छन् । अष्ट्रेलिया र अन्य देशमा बिताएको समयले तपाईंलाई रकम प्राप्त गर्न योग्य बनाउन सक्छ । थप जानकारीको लागि **humanservices.gov.au/issa** मा हेर्नुहोला।

### अष्ट्रेलिया बाहिर दिइएका भुक्तानीहरू

तपाई विदेश जानु भयो भने तपाईंको भुक्तानी वा छूट कार्डमा असर पर्न सक्छ । तपाईंले प्राप्त गर्ने भुक्तानीको आधारमा विदेश जानुअघि तपाईंले हामीलाई आफ्नो यात्रा योजनाको बारेमा जानकारी दिनु पर्छ । थप जानकारीको लागि **humanservices.gov.au/paymentsoverseas** मा हेर्नुहोला।

## हाम्रा सेवाहरू

### तपाईंको भाषा बोलेर सहयोग गर्ने

हामी दोभाषे तथा भिडियो, अडियो तथा लिखित कुराहरू लगायतका सूचनाहरू अनुवादन गरेर निःशुल्क प्रदान गर्छौं । humanservices.gov.au/yourlanguage मा जानुहोस्

तपाई हाम्रो कुनै भुक्तानी वा सेवाको लागि दाबी गर्दै हुनुहुन्छ भने हामी तपाईंलाई चाहिने कागजात निःशुल्क अनुवाद गर्न सक्छौं ।

Centrelink भुक्तानी तथा सेवाको बारेमा आफ्नो भाषामा हामीसँग बात मार्न **131 202** मा टेलिफोन गर्नुहोस् Translating and Interpreting Service (TIS National) को टेलिफोन **131 450** मा टेलिफोन गरेर Medicare वा Child Support सेवाहरूको बारेमा हामीबाट सहयोग प्राप्त गर्नुहोस् ।

### Multicultural Service Officers

Multicultural Service Officers सामुदायिक समूह तथा अन्य एजेन्सीहरूसँग सहकार्य गरेर शरणार्थी तथा फरक संस्कृति र भाषा भएका व्यक्तिहरूलाई Australian Government का सेवाहरूसँग जोडिन सहयोग गर्छ ।

### शरणार्थीसम्बन्धी सेवाहरू

तपाईं शरणार्थी वा मानवीय भिसामा अष्ट्रेलिया आउनु भएको हो वा तपाईंले अष्ट्रेलियामा बस्ने Permanent Protection Visa प्राप्त गर्नु भएको छ भने सुरुका दिनमा अष्ट्रेलियामा बसोबास गर्न तपाईं हामीबाट सहायता प्राप्त गर्न सक्नुहुन्छ। हाम्रो शरणार्थी सेवाले तपाईंलाई वित्तीय सहायता, Medicare मा भर्ना तथा निम्न कुराको रिफरलमा सहयोग गर्छ:

- बेरोजगारी सहायता
- अंग्रेजी भाषाको ट्युसन
- शिक्षा तथा तालिम, र
- अन्य सरकारी तथा सामुदायिक सेवाहरू

तपाईंको Humanitarian Settlement Program प्रदायकले तपाईंलाई हाम्रो सेवा प्राप्त गर्न सहयोग गर्छन्। तपाईं रकम वा सेवा लिन जुन सुकै सेवा केन्द्रमा जान पनि सक्नु हुन्छ।

### सामाजिक कार्यकर्ता

हाम्रा सामाजिक कार्यकर्ताले तपाईंलाई जटिल समयदौरान सहयोग गर्न अल्पकालीन परामर्श तथा सूचना प्रदान गर्न सक्छन्। सामाजिक कार्यकर्ताहरूले तपाईंलाई अन्य सेवा तथा समर्थनसँग जोडिन पनि सहयोग गर्छन्। सामाजिक कार्यकर्तासँग बात मार्न **132 850** मा टेलिफोन गर्नुहोस् वा कुनै सेवा केन्द्रमा जानुहोस्।

### अन्तर्राष्ट्रिय सेवाहरू

तपाईं अर्को देशसँगको सामाजिक सुरक्षा सम्झौताको आधारमा हामीबाट भुक्तानी प्राप्त गर्न सक्नु हुन्छ वा हुन्न भन्ने कुरा जाँच्न सक्नु हुन्छ। हामी तपाईंलाई विदेशी निवृत्तिभरणको दाबी गर्न पनि सहयोग गर्छौं। हामीलाई **131 673** मा सम्पर्क गर्नुहोस्।

## अन्य सूचना

### आफ्नो विवरण अद्यावधिक राख्नु होस्।

आफ्नो कुनै परिस्थितिमा परिवर्तन हुँदा तपाईंले हामीलाई जानकारी दिनु पर्छ। यी परिस्थितिमा तपाईंको आय, सम्पति तथा तपाईंको बसोबास स्थान पनि समावेश हुन्छन्। आफ्नो विवरण अद्यावधिक राख्न हाम्रो अनलाइन सेवाको विकल्पको प्रयोग गर्नु होस्। मान्छेहरूले सही रकम र सही भुक्तानी प्राप्त गरून् भन्ने कुरा सुनिश्चित गर्न हामी नियमित समीक्षा गर्छौं।

### Assurance of Support (समर्थनको आश्वासन)

Assurance of Support बसाइ सरेर अष्ट्रेलियामा आउन आवेदन दिने व्यक्तिले भिसा प्राप्त गरेपछि वा यहाँ आइपुगेपछि आय समर्थन भुक्तानीको दाबी गर्नु नपरोस् भन्नका खातिर सहयोग गर्न कुनै आश्वसनकर्ता वा

संगठनले दिने प्रतिबद्धता हो । तपाईं Assurance of Support योजनाअन्तर्गत हुनुहुन्छ र तपाईंले हामीबाट निश्चित भुक्तानी दाबी गर्नु भएको छ भने तपाईंको आश्वासनकर्ताले Assurance of Support लागू हुँदा तपाईंले प्राप्त गरेको सबै रकम फिर्ता दिनु पर्छ ।

### अंग्रेजी सिकाइ

हामी तपाईंलाई अंग्रेजी सिक्ने तथा सुधार गर्ने कक्षा लिन सहयोग गर्छौं । तपाईं अष्ट्रेलियाली नागरिक हुन चाहनुहुन्छ भने तपाईंले अंग्रेजी जानेको हुनुपर्छ ।

तपाईंलाई प्रवासी, शरणार्थी वा मानवीय आधारमा अष्ट्रेलिया प्रवेश गर्ने व्यक्तिको रूपमा अष्ट्रेलियाको भिसा प्रदान गरिएको हो भने तपाईं Department of Education and Training's Adult Migrant English Program (AMEP) मार्फत् अंग्रेजी कक्षा लिन सक्नु हुन्छ । तपाईंले अष्ट्रेलिया आएको वा यहाँको स्थायी आवास अनुमति प्राप्त गरेको छ महिना (वा 15 र 17 वर्ष बीचको व्यक्तिको हकमा 12 महिना) भित्र AMEP को कुनै सेवा प्रदायकको मा दर्ता गर्नु पर्छ ।

तपाईं जागिर भेट्न र कायम गर्न सक्नुहोस् भन्नका खातिर Skills for Education and Employment कार्यक्रमले तपाईंको अंग्रेजी, पढाइ, लेखाइ र आधारभूत गणित सुधार गर्न सहयोग गर्न सक्छ । तपाईं यो कार्यक्रमको लागि योग्य हुनुहुन्छ वा हुन्न भन्ने कुरा थाह पाउन हामीलाई टेलिफोन गर्नुहोस् वा कुनै सेवा केन्द्रमा जानुहोस् ।

### पारिवारिक तथा घरेलु हिंसा

सूचना, श्रोत प्रदान गरेर र रिफर गरेर हामी पारिवारिक तथा घरेलु हिंसाबाट प्रभावित भएका व्यक्तिहरूलाई समर्थन प्रदान गर्छौं ।

हामी विविध भाषामा सूचना उपलब्ध गराउँछौं । तपाईं वा तपाईंले चिनेको कोही व्यक्ति पारिवारिक तथा घरेलु हिंसाको शिकार हुनुभएको छ भने **humanservices.gov.au/domesticviolence** मा जानुहोस्

निम्न स्थानबाट पनि समर्थन प्राप्त गर्न सकिन्छ:

**1800RESPECT—1800 737 732** वा **1800RESPECT.org.au**

**MensLine Australia—1300 789 978** वा **mensline.org.au**

## अतिरिक्त सहायता

### आफ्नो प्रतिनिधिमार्फत हामीसँग सम्पर्क गर्ने

तपाईं अरू कसैले तपाईंको Centrelink, Medicare वा Child Supportसम्बन्धी काम हेरि देओस् भन्ने चाहनु हुन्छ भने तपाईं कुनै व्यक्ति वा संगठनलाई आफ्नो प्रतिनिधि नियुक्त गर्न सक्नुहुन्छ । यो व्यवस्थासम्बन्धी

अधिक जानकारीको लागि **humanservices.gov.au/nominees** मा जानुहोस् वा हामीलाई टेलिफोन गर्नुहोस् वा कुनै सेवा केन्द्रको भ्रमण गर्नुहोस् ।

## Centrepay

Centrepay ग्राहकले निःशुल्क प्रयोग गर्न मिल्ने बिलको ऐच्छिक भुक्तानी गर्ने सेवा हो । आफ्नो बिलको भुक्तानी दिने प्रयोजनका लागि Centrelink बाट नियमित रकम कट्टा गर्न Centrepay को प्रयोग गर्नुहोस् । तपाईं आफूले चाहेको बेला यसको प्रयोग थाल्न वा रोक्न सक्नुहुन्छ । तपाईं यसको प्रयोग बाल स्याहार, बिजुली वा घर भाडा जस्ता विविध रकमको भुक्तानी दिन यसको प्रयोग गर्न सक्नुहुन्छ । तपाईंले हामीलाई तपाईंले प्राप्त गर्ने रकमबाट आफ्नो बिल तिर्ने अनुमति दिनु पर्ने हुन्छ । तपाईं myGov मार्फत् आफ्नो अनलाइन Centrelink खाता सिर्जना गर्ने वा बदल्ने काम गर्न सक्नुहुन्छ ।

थप जानकारीको लागि **humanservices.gov.au/centrepay** मा हेर्नुहोला।

## अतिरिक्त भुक्तानी तथा सेवाहरू

हामीलाई तपाईंसँग अतिरिक्त सहयोग आवश्यक पर्ने भुक्तानी तथा मुद्दाहरू हुन सक्छन् भन्ने कुरा थाह छ । तपाईं निम्न मध्ये केही सेवा प्राप्त गर्न पनि सक्नुहुन्छ ।

- Rent Assistance (घर भाडासम्बन्धी सहायता)
- Financial Information Service (वितीय सूचना सेवा)
- Rent Deduction Scheme (घर भाडा कटौती योजना)
- Income Management (आय व्यवस्थापन)
- Agents and Access Points (एजेन्ट वा पहुँच विन्दु)
- छुट कार्ड ।

यी भुक्तानी तथा सेवाहरूसम्बन्धी थप जानकारीको लागि **humanservices.gov.au** मा हेर्नुहोला वा हामीलाई सम्पर्क गर्नुहोला ।

## हाम्रो अनलाइन सेवाबाट आफ्नो काम गराउनुहोस्

अनलाइन सेवाबाट काम गराउन myGov खाता सिर्जना गर्नुहोस् र आफ्नो Centrelink वा Medicare अनलाइन खातासँग जोड्नुहोस् ।

myGov खाताको सहायताले, तपाईं Centrelink र Medicare अनलाइन खाता र Express Plus मोबाइल अनुप्रयोग प्रयोग गर्न सक्नुहुन्छ । **my.gov.au** मा गएर आफ्नो myGov खाता सिर्जना गर्नुहोस्

त्यसपछि तपाईंले आफ्नो Centrelink वा Medicare खातालाई आफ्नो myGov खातासँग जोड्नु पर्नेछ । myGov मा साइनइन गर्नुहोस्, **Services** र त्यसपछि **Centrelink** वा **Medicare** छान्नुहोस् । हामीले तपाईंको सही अभिलेख myGov खातामा राख्न सकौं भन्नका खातिर सोधिएका केही प्रश्नको जबाफ दिनुहोस् ।

अनलाइन खातासम्बन्धी थप जानकारीको लागि **humanservices.gov.au/register** मा हेर्नुहोला।

myGovसम्बन्धी सहयोगको लागि, **humanservices.gov.au/mygovguides** मा जानुहोस् वा YouTube को **youtube.com/mygovau** भिडियो हेरेर के गर्न जान्नुहोस् ।

## Express Plus मोबाइल अनुप्रयोग

सातै दिन दिनको चौबीसै घण्टा हामीबाट आफ्नो काम गराउन हाम्रो Express Plus मोबाइल अनुप्रयोग प्रयोग गर्नुहोस् ।

## Express Plus Centrelink मोबाइल अनुप्रयोग

निम्न काम गर्न यो अनुप्रयोगको प्रयोग गर्नुहोस्:

- रोजगारीको आयबारे जानकारी दिन
- रिपोर्ट गर्नु पर्ने बेला हुँदा सम्झाउन
- आफ्नो भुक्तानी तथा कारोबार इतिहास हेर्न
- विवरणहरू अद्यावधिक गर्न
- आफ्नो अनलाइन पत्रहरू हेर्न
- कागजात अपलोड गर्न
- आफ्नो दाबीको स्थिति जान्न
- आफ्नो पारिवारिक आयको अनुमान र भुक्तानी विकल्पहरू हेर्न तथा अद्यावधिक गर्न
- अपोइन्मेन्टहरू हेर्न
- तपाईंको आय व्यवस्थित गरिएको छ भने आफ्नो BasicsCard को व्यवस्थापन गर्न
- आफ्नो विद्युतीय छूट कार्ड हेर्न

## Express Plus Lite मोबाइल अनुप्रयोग

Express Plus Lite मोबाइल अनुप्रयोगले अरबी, चिनियाँ, अंग्रेजी, फारसी र भियतनामी भाषामा तपाईंको आयको रिपोर्ट गर्न दिन्छ ।

## Express Plus Medicare मोबाइल अनुप्रयोग

निम्न काम गर्न यो अनुप्रयोगको प्रयोग गर्नुहोस्:

- आफ्नो Medicare कार्डको विवरण तथा कार्डमा रहेका हालका सदस्यहरू हेर्न
- आफ्नो सम्पर्क ठेगाना अद्यावधिक गर्न
- आफ्नो बैंक खाता विवरण अद्यावधिक गर्न
- पुरानो बदलेर नयाँ वा प्रतिलिपि Medicare कार्ड प्राप्त गर्न
- प्रायजसो सेवाहरूको दाबी पेस गर्न
- विगत तीन वर्षको आफ्नो Medicare Claims History Statements हेर्न, डाउनलोड, प्रिन्ट वा इमेल गर्न
- आफ्नो Medicare Safety Net मौज्दात हेर्न
- आफ्नो वा 14 वर्ष मुनिको बच्चाको Immunisation History Statementsहेर्न, डाउनलोड, प्रिन्ट वा इमेल गर्न
- आफ्नो Australian Organ Donor Register निर्णय दर्ता गर्न वा बदल्न
- नयाँ Australian Organ Donor Register कार्डको अनुरोध गर्न
- आफ्नो Australian Organ Donor Register कार्डको विद्युतीय प्रति हेर्न
- तपाईंको नजिकको सेवा केन्द्र फेला पार्न

हाम्रो अनुप्रयोगको बारेमा अधिक जानकारी प्राप्त गर्न **humanservices.gov.au/expressplus** मा जानुहोस्

## myGov Access

तपाईं विदेश वा कुनै टाढाको ठाउँको यात्रा गर्दै हुनुहुन्छ र तपाईंसँग myGov खाता छ भने जानुअगाडि आफ्नो मोबाइलमा myGov Access सेट अप गर्नुहोस् । myGov Access एक कोड सर्जक अनुप्रयोग र myGov साइनइन गर्दा प्रयोग गर्न मिल्ने सुरक्षित विकल्प हो ।

myGov सम्बन्धी थप जानकारीको लागि **humanservices.gov.au/mygov** मा हेर्नुहोला।

## अनलाइन सुरक्षा

अनलाइनमा आफ्नो जानकारी सुरक्षित राख्नु होस् । यो काम कसरी गर्ने भन्ने बारेमा जानकारी लिन **humanservices.gov.au/onlinesecurity** मा जानुहोस् ।

### अद्यावधिक रहने तरिका

भुक्तानी तथा सेवामा हुने परिवर्तनको बारेमा थाहा पाउन:

- **humanservices.gov.au/multicultural** को भ्रमण गर्नुहोस् र अद्यावधिक सूचनाको लागि हाम्रो अनलाइन समाचार सेवाको सदस्यता लिनुहोस् ।
- हामीलाई **facebook.com/HumanServicesAU** मा गएर लाइक गरेर प्रश्न सोध्नुहोस् ।
- हामीलाई **@HumanServicesAU** मा गएर Twitter मा फलो गर्नुहोस्

## अधिक जानकारीको लागि

- अंग्रेजीमा अधिक जानकारीको लागि **humanservices.gov.au/multicultural** मा जानुहोस्
- आफ्नो भाषामा सूचना पढ्न, सुन्न र हेर्न **humanservices.gov.au/yourlanguage** मा जानुहोस्
- Centrelink भुक्तानी तथा सेवाको बारेमा आफ्नो भाषामा हामीसँग गफ गर्न **131 202** मा टेलिफोन गर्नुहोस् ।
- Translating and Interpreting Service (TIS National) को टेलिफोन **131 450** मा टेलिफोन गरेर Medicare र Child Support भुक्तानी तथा सेवाहरूको बारेमा हामीसँग आफ्नो भाषामा बात मार्नुहोस्
- सेवा केन्द्रको भ्रमण गर्नुहोस्

**टिपोट:** अष्ट्रेलियाको तपाईंको घरको टेलिफोनबाट '13' मा टेलिफोन गर्न निश्चित शुल्क लाग्छ । यो दर स्थानीय टेलिफोनको दरभन्दा फरक हुनसक्छ र टेलिफोन सेवा प्रदायक पिच्छे फरक पर्न सक्छ । तपाईंको घरको फोनबाट '1800' मा गरिने टेलिफोनको शुल्क लाग्दैन । फोन तथा सार्वजनिक फोनबाट टेलिफोन गर्दा टेलिफोन गरेको समय अनुसार रकम बढी लाग्न सक्छ ।

## अस्वीकृति

यो प्रकाशनमा समावेश सूचना भुक्तानी तथा सेवाहरूको दिशा निर्देशको प्रयोजनको लागि मात्र हो । तपाईं कुनै भुक्तानीको लागि आवेदन दिन चाहनुहुन्छ वा हुन्न वा कुनै विशेष परिस्थिति सम्बन्धमा आवेदन दिन चाहनुहुन्छ वा हुन्न भन्ने कुराको निर्णय गर्ने उत्तरदायित्व तपाईंको हो ।

ENGLISH

# Recently arrived in Australia?

This brochure contains information that might be useful to you if you've recently moved to Australia. Settling in can be a challenging experience. As a new arrival, you may be able to get some payments and services from the Australian Government.

## Health services

Australia has a national health care system—Medicare. Medicare provides payments and services that can help when you use health care services or buy medicines. This includes getting some money back if you pay to visit a doctor, and getting cheaper medicines through the Pharmaceutical Benefits Scheme or Repatriation Pharmaceutical Benefits Scheme. For more information go to **humanservices.gov.au/medicareservices**

You need to be enrolled in Medicare and meet eligibility requirements. For more information about eligibility requirements go to **humanservices.gov.au/medicarecard**

If you're visiting Australia from certain countries, you may be entitled to some subsidised health services under Reciprocal Health Care Agreements. Australia has Reciprocal Health Care Agreements with a number of other countries. For a list of these countries go to **humanservices.gov.au/rhca**

If you're from one of these countries and meet the eligibility requirements, you may be eligible for Medicare services while you're in Australia.

## Our payments

The payments you can get depend on the type of visa you hold or whether you already have Australian citizenship. There may also be waiting periods and other conditions that you need to know about.

You may get certain payments if you're new to Australia and have a permanent residence, humanitarian, refugee, provisional partner or temporary protection type visa.

For more information about residence requirements go to **humanservices.gov.au/residencedescriptions**

## Immunisation and family assistance

Vaccines listed on the National Immunisation Program Schedule are linked to family assistance payments. We'll check each child you're receiving family payments for meets the immunisation requirements.

Your child must be up to date with their immunisations for you to get:

- Family Tax Benefit Part A
- 2017–18 Family Tax Benefit Part A supplement
- Child Care Subsidy
- Child Care Benefit as a lump sum
- Child Care Rebate as a lump sum.

If your child was vaccinated overseas you should get those vaccinations added to the Australian Immunisation Register (AIR). Take translated copies of your records to your Australian vaccination provider. This may be a medical practice or community health centre. They will check the vaccines your child has had, tell you how to catch up if any are missing and add the information to the AIR.

The required vaccines are listed on the National Immunisation Program, which can be viewed at **immunise.health.gov.au**

You don't need to tell us when your child is immunised—we'll check their status on the Australian Immunisation Register.

For more information go to **humanservices.gov.au/air**

### Waiting periods

New residents must serve certain waiting periods before claiming payments. There are exemptions to this. For example, if you arrived on a refugee visa.

Your waiting period starts on the day you start living here after you get a permanent resident visa. Only days spent in Australia during this time count towards the waiting period. For more information, go to **humanservices.gov.au/newresidentswaiting**

New Zealanders living in Australia on a Special Category visa can claim:

- family payments, and
- concession cards.

You need a permanent resident visa to claim most other payments. For more information, go to **humanservices.gov.au**

### International social security agreements

We have agreements with other countries that may help you get a payment from us. They may also help you get a payment from the other country. Time spent in Australia and the other country may help you to qualify for payments. For more information go to **humanservices.gov.au/issa**

### Payments paid outside Australia

Your payment or concession card may be affected if you go overseas. Depending on which payment you get, you may need to tell us about your travel plans before you leave. For more information, go to **humanservices.gov.au/paymentsoverseas**

## Our services

### Help in your language

We provide free interpreters and translated information including videos, audio and written products. Go to [humanservices.gov.au/yourlanguage](humanservices.gov.au/yourlanguage)

If you are claiming one of our payments or services, we can also translate documents you need for free.

Call us on **131 202** to speak to someone in your language about Centrelink payments and services. For help with Medicare or Child Support services call the Translating and Interpreting Service (TIS National) on **131 450**.

### Multicultural Service Officers

Multicultural Service Officers work with community groups and other agencies to help refugees and people from culturally and linguistically diverse backgrounds connect with Australian Government services.

### Refugee services

If you have arrived in Australia on a refugee or humanitarian visa, or you were granted a Permanent Protection Visa in Australia, you can get assistance from us to help you settle into your new life. Our refugee services can help you with financial assistance, Medicare enrolment and referrals for:

- employment assistance
- English language tuition
- education and training, and
- other government and community services.

Your Humanitarian Settlement Program provider will help you access our services. You can also visit any service centre to claim payments or services.

### Social workers

Our social workers can provide short term counselling and information to help you through a difficult time. Social workers can also connect you with other support and services to help you. To speak to a social worker call **132 850** or visit a service centre.

### International Services

We can check if you can get a payment from us based on a social security agreement with another country. We can also help you claim a foreign pension. Contact us on **131 673**.

## Other information

### Keep your details up to date

You need to tell us when your circumstances change. This could include your income, assets, and even where you live. Use our online service options to keep your details up to date. We do regular reviews to ensure people get the right payment and the right amount.

### Assurance of Support

An Assurance of Support is a commitment by an assurer or an organisation to support a person who is applying to migrate to Australia, so they will not have to claim an income support payment once they have been granted the visa or have arrived. If you’re under an Assurance of Support arrangement and have claimed certain payments from us, your assurer must repay the full amount you received while the Assurance of Support was in place.

### Learning English

We can help you access classes where you can learn or improve your English. You’ll need to learn English if you want to become an Australian citizen.

If you were granted a visa to come to Australia as a migrant, refugee or humanitarian entrant, you can access free English classes through the Department of Education and Training's Adult Migrant English Program (AMEP). You'll need to register with one of the AMEP service providers within six months (or 12 months if aged between 15 and 17 years) of arriving in Australia or being granted permanent residence.

The Skills for Education and Employment program, can help you improve your English, reading, writing and basic maths skills so you can increase your chances of getting and keeping a job. To find out if you are eligible for this program, call us or visit a service centre.

### Family and domestic violence

We support people affected by family and domestic violence by providing information, resources and referrals.

We have information available in different languages. If you or someone you know is affected by family and domestic violence, go to **humanservices.gov.au/domesticviolence**

Support is also available from:

**1800RESPECT—1800 737 732** or **1800RESPECT.org.au**

**MensLine Australia—1300 789 978** or **mensline.org.au**

## Extra assistance

### Getting someone to deal with us on your behalf

If you prefer to have someone else handle your Centrelink, Medicare or Child Support business, you can authorise a person or organisation to deal with us on your behalf. For more information about these arrangements go to **humanservices.gov.au/nominees** or by calling us or visiting a service centre.

### Centrepay

Centrepay is a voluntary bill-paying service which is free for customers. Use Centrepay to arrange regular deductions from your Centrelink payment to pay for your bills. You can start or stop using it whenever you like. You can use it for many types of bills—for example child care, electricity and rent. You'll need to give us permission to pay your bills using part of your payment. To set up or change a deduction you can use your Centrelink online account via myGov.

For more information go to **humanservices.gov.au/centrepay**

### Additional payments and services

We recognise you may have some costs or issues that you need extra help with. You may also be able to access some of the following:

- Rent Assistance
- Financial Information Service
- Rent Deduction Scheme
- Income Management

- Agents and Access Points
- concession cards.

For more information about these payments and services go to **humanservices.gov.au** or call us.

### Do your business with us online

To do your business online, create a myGov account and link to your Centrelink or Medicare online account.

With a myGov account, you can use Centrelink and Medicare online accounts and Express Plus mobile apps. Create a myGov account at **my.gov.au**

Next, you'll need to link your Centrelink or Medicare account to your myGov account. Sign in to myGov, select **Services** and then **Centrelink** or **Medicare**. Answer some questions so we link the correct record to your myGov account.

For more information about online accounts, go to **humanservices.gov.au/register**

For help with myGov, go to **humanservices.gov.au/mygovguides** or watch tutorials on YouTube—**youtube.com/mygovau**

### Express Plus mobile apps

Use our Express Plus mobile apps to do business with us 24 hours a day, 7 days a week.

### Express Plus Centrelink mobile app

Use the app to:

- report employment income
- get reporting reminders
- view your payments and transaction history
- update details
- view your online letters
- upload documents
- track your claim progress
- view and update your family income estimate and payment choices
- view appointments
- manage your BasicsCard if you're income managed
- view your digital concession cards.

### Express Plus Lite mobile app

The Express Plus Lite mobile app lets you report your income in Arabic, Chinese, English, Persian (Farsi) and Vietnamese.

## Express Plus Medicare mobile app

Use the app to:

- view your Medicare card details and current card members
- update your contact details
- update your bank account details
- order a replacement or duplicate Medicare card
- submit claims for most services
- view, download, print or email your Medicare Claims History Statements for the last three years
- view your Medicare Safety Net balance
- view, download, print or email Immunisation History Statements for yourself or your child under the age of 14
- register or change your Australian Organ Donor Register decision
- request a new Australian Organ Donor Register card
- view a digital copy of your Australian Organ Donor Register card
- locate your nearest service centre.

To find out more about our apps go to **humanservices.gov.au/expressplus**

## myGov Access

If you're planning to travel overseas or to a remote location and you have a myGov account, consider setting up myGov Access on your mobile device before you leave. myGov Access is a code creator app and a secure option to use when signing in to myGov.

For more information about myGov go to **humanservices.gov.au/mygov**

## Online security

Keep your information safe online. Go to **humanservices.gov.au/onlinesecurity** to find out how.

## Keeping up to date

To find out about changes being made to payments and services:

- visit and subscribe to our online news service for up-to-date information at **humanservices.gov.au/multicultural**
- like us on **facebook.com/HumanServicesAU** and ask us a question
- follow us on Twitter **@HumanServicesAU**

## For more information

- go to **humanservices.gov.au/multicultural** for more information in English
- go to **humanservices.gov.au/yourlanguage** where you can read, listen to or watch information in your language
- call **131 202** to speak with us in your language about Centrelink payments and services
- call the Translating and Interpreting Service (TIS National) on **131 450** to speak with us in your language about Medicare and Child Support payments and services
- visit a service centre.

**Note**: calls from your home phone to '13' numbers from anywhere in Australia are charged at a fixed rate. That rate may vary from the price of a local call and may also vary between telephone service providers. Calls to '1800' numbers from your home phone are free. Calls from public and mobile phones may be timed and charged at a higher rate.

## Disclaimer

The information contained in this publication is intended only as a guide to payments and services. It's your responsibility to decide if you wish to apply for a payment and to make an application with regard to your particular circumstances.